# मिति २०८० असोज १८ गतेको कार्यपालिका वैठकका निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : नयाँ सडक ट्र्याक निर्माण सम्बन्धमा।

प्रस्ताव नं. ३ : योजना संशोधन सम्बन्धमा।

प्रस्ताव नं. ४ : स्वास्थ्य सेवा संचालन कार्यविधि निर्माणका लागि कार्यदल गठन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५ : श्रोत सूनिश्चितता सम्बन्धमा।

प्रस्ताव नं. ६ : 'घ' वर्गको इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ७ : कृषि तथा पशु विकास कार्यविधि निर्माण गर्न कार्यदल गठन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ८ : भवन निर्माण तथा योजना मापदण्ड संशोधनका लागि परामर्श लिने सम्बन्धमा।

प्रस्ताव नं. ९ : चियाबगानको सार्वजनिक जग्गा छुट्याउने सम्बन्धमा।

प्रस्ताव नं. १० : वि.सं. २०८० सालको वडादशैं, दिपावली, छठ, नेपाल संवत लगायतका पर्वको अवसरमा शुभकामना तथा चियापान कार्यक्रम आयोजना गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ११ : कबाडी सामग्रीहरुको लिलाम बिक्री प्रक्रिया अगाडि बढाउने सम्बन्धमा।

प्रस्ताव नं. १२ :मध्यपहाडी लोकमार्ग निर्माणको क्रममा प्रयोग भएको प्राकृतिक श्रोतको अनुगमन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १३ : पक्की मोटर पुल निर्माणका लागि अनुदान माग सम्बन्धमा।

प्रस्ताव नं. १४ : वडा भित्र निर्माण भएका सामुदायिक भवन सम्बन्धमा।

प्रस्ताव नं. १५: खर्च अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १६: आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १७: नदीजन्य पदार्थ उत्खनन् एवं संकलनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १८: स्वास्थ्य चौकी भवन परिसर विस्तारका लागि जग्गा प्राप्ती सम्बन्धमा ।

प्रस्ताव नं. १९: अनुमति प्रदान गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८०/०५/१९ गतेको वैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिका भित्रका विभिन्न वडाहरुबाट नयाँ सडक ट्र्याक निर्माण गर्नको लागि निवेदन पेश भई सो सम्बन्धमा छलफल हुँदा सम्बन्धित सडक निर्माण गर्ने स्थानको भौगोलिक एवं प्राविधिक अध्ययन गर्दा उपयुक्त देखिएमा प्राविधिक प्रतिवेदनको आधारमा मात्र नयाँ सडक ट्र्याक निर्माणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट आ.व. २०८०/८१ मा विनियोजन भएको योजना संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | जलवाई देवी मा.वि. ICT व्यवस्थापन, मेनपा ८ | १५,००,०००।– | जलवाई देवी मा.वि. अधुरो भवन ढलान, मेनपा ८ | १५,००,०००।– |
| २ | सालघारी खानेपानी मर्मत, मेनपा १३ | ७,००,०००।– | सालघारी सिंचाई तथा खानेपानी मर्मत, मेनपा १३ | ७,००,०००।– |
| ३ | ग्रामीण मोटरबाटो सरसफाई, मेनपा ३ | ५,५०,०००।– | सडक हेरालु तथा मर्मत संभारको लागि कामदार (हेरालु) खर्च, मेनपा ३ | ५०,०००।– |
| | | | ग्रामीण मोटरबाटो सरसफाई, मेनपा ३ | ५,००,०००।– |
| ४ | बरको बोट खानी पहिरो भञ्ज्याङ्ग सडक, मेलम्ची ९ | १०,००,०००।– | देउराली चांखु गुफा सडक खण्ड स्तरोन्नती, मेनपा ९ | १०,००,०००।– |
| ५ | बगुवा खानेपानी, मेनपा १० | ११,००,०००।– | बगुवा खानेपानी, मेनपा १० | १०,००,०००।– |
| | | | मोटरबाटो सरसफाई, मेनपा १० | १,००,०००।– |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ६ | श्री जनजागृति मा.वि. संरक्षण तथा घेराबार, मेनपा ११ | २०,००,०००।– | श्री जनजागृति मा.वि. कक्षाकोठा निर्माण, मेनपा ११ | २०,००,०००।– |
| ७ | दुलाल खोल्सा पिप्ले खानेपानी निर्माण, मेनपा ४ | ४,००,०००।– | ओख्रेनी प्रतिक्षालय निर्माण, मेनपा ४ | ४,००,०००।– |
| ८ | दमाई गाउँ सेल्ले सडक निर्माण, मेनपा ७ | ५,००,०००।– | दमाई गाउँ सेल्ले गोरेटो बाटो निर्माण, मेनपा ७ | ५,००,०००।– |

निर्णय नं. ४ : मेलम्ची प्राथिमक स्वास्थ्य केन्द्र (प्रस्तावित नगर अस्पताल) को नियमित कार्य संचालनमा सहजीकरणका लागि मेलम्ची प्राथिमक स्वास्थ्य केन्द्र (प्रस्तावित नगर अस्पताल) सञ्चालन कार्यविधि, विपन्न नागरिक औषधि उपचार एवं अन्य सेवा सञ्चालन कार्यविधि र एम्बुलेन्स सञ्चालन कार्यविधि निर्माण गर्नको लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो । साथै, आबस्यकता अनुसार आमन्त्रित सदस्य समेत कार्यदलले बोलाउन सक्नेछ ।

तपसिल

१. सामाजिक विकास समिति संयोजक श्री अमृत खनाल – संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत– सदस्य
३. अस्पताल संचालन व्यवस्थापन समिति प्रमुख/वडा अध्यक्ष श्री चन्द्र बहादुर तामाङ – सदस्य
४. मेलम्ची नगर अस्पताल प्रमुख – सदस्य
५. स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८०/८१ मा १२ नं. वडा कार्यालय भवन निर्माणका लागि प्राविधिक लागत अनुमान स्वीकृत गरी मिति २०८०/०६/०९ मा बोलपत्र आव्हान गरिएकोमा उक्त योजनालाई बहुवर्षिय योजनाको रुपमा कार्यान्वयन गर्ने गरी स्वीकृत लागत अनुमान अनुमोदन गर्ने निर्णय गरियो । साथै, मेलम्ची नगरपालिका वडा नं. ७ स्थित दुवाचौर भट्टार तालामाराङ सडक निर्माण गर्नका लागि संघीय समपुरक अनुदानबाट बजेट विनियोजन भएकोमा उक्त योजना बहुवर्षिय योजनाको रुपमा कार्यान्वयन गर्न र प्रस्तावित लागत अनुमान स्वीकृत गरी संघीय सरकार र मेलम्ची नगरपालिकाको दायित्व छुट्टिने गरी बोलपत्र आव्हान गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजत दर्ता समितिबाट देहाय बमोजिमका निर्माण व्यवसायलाई "घ" वर्गको ईजाजत प्रदान गर्नको लागि सिफारिस भई आएको हुँदा समितिबाट सिफारिस भई आए बमोजिम तपसिल बमोजिमको निर्माण व्यवसायलाई "घ" वर्गको ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

तपसिल

| क्र.सं. | निर्माण व्यवसायको विवरण | निर्माण व्यवसायीको नाम, थर | ठेगाना |
|---|---|---|---|
| १ | झुल्केघाम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | शैलेस खड्का | मेलम्ची न.पा. ९ |
| २ | सुहाना एण्ड शोभा विल्डर्स एण्ड सप्लायर्स | अनिल सापकोटा | मेलम्ची न.पा. ११ |
| ३ | विकास कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | विकास तामाङ | मेलम्ची न.पा. ९ |
| ४ | धैर्य विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | लक्ष्मण दुलाल, निरज कटुवाल, गीता चौलागाई र सागर दुलाल | मेलम्ची न.पा. ११ |

निर्णय नं. ७ : मेलम्ची नगरपालिका अन्तर्गत रहेको कृषि तथा पशु विकास क्षेत्रको विकासको कार्य गर्नका लागि कार्यविधि निर्माण गर्न देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो। साथै, कार्यदलले आवश्यकता अनुसार आमन्त्रित सदस्य समेत बोलाउन सक्नेछ।

तपसिल

१. नगर प्रमुख श्री आइतमान तामाङ – संयोजक
२. उपप्रमुख श्री उमा प्रधान – सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत – सदस्य
४. आर्थिक विकास समिति संयोजक श्री किरणदिप खड्का– सदस्य
५. पूर्वाधार विकास समिति संयोजक श्री चन्द्र बहादुर तामाङ – सदस्य
६. का.पा./विधायन समिति सदस्य दिनेश घले – सदस्य
७. पशु सेवा शाखा प्रमुख – सदस्य
८. कृषि विकास शाखा प्रमुख – सदस्य सचिव

निर्णय नं. ८ : "मेलम्ची नगरपालिकाको भवन निर्माण तथा योजना मापदण्ड, २०७४" संशोधनको लागि आवश्यक कानूनी परामर्श लिई कार्य प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ९ : मेलम्ची नगरपालिका वडा नं. १ र २ भोटेचौर स्थित चियाबगानको सार्वजनिक जग्गा अतिक्रमण भएको जनगुनासो प्राप्त भएकोले प्राविधिक टोली सहित नाँपजाँच गरी उक्त सार्वजनिक जग्गा छुट्याउने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. १० : नेपालीहरुको महान चाड विजयादशमी, दिपावली, छठ, नेपाल संवत लगायतका पर्वहरु नजिकिंदै गरेको हुँदा उक्त पर्वको अवसरमा मिति २०८०/०७/०१ गते राजनीतिक दल, जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि लगायतको सहभागितामा चियापान कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न भवनहरु भत्काउदा वा भत्किंदा निस्किएको कबाडी सामग्रीहरुको लिलाम बिक्रीका लागि प्राबिधिक टोलिवाट मूल्यांकन गराई प्रक्रिया अगाडि बढाउन कार्यालय प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२ : मेलम्ची नगरपालिका क्षेत्र भित्रको बाहुनेपाटी काउले दोभान खण्डमा निर्माणाधिन मध्यपहाडी लोकमार्ग आयोजनाको सडक निर्माणका क्रममा सम्बन्धित ठेकेदारले कानून विपरित ढुङ्गा लगायतका सामग्री प्रयोग गरेको भन्ने जन गुनासो प्राप्त भएको हुँदा उक्त कार्यको अनुगमन गर्न देहाय अनुसार अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. नगर प्रमुख श्री आइतमान तामाङ – संयोजक
२. पूर्वाधार विकास समिति संयोजक – सदस्य
३. वडा नं. १२ वडा अध्यक्ष श्री गणेश बहादुर तामाङ – सदस्य
४. वडा नं. ५ वडा अध्यक्ष श्री राजु रायमाझी – सदस्य
५. वडा नं. ४ वडा अध्यक्ष श्री सञ्जिव तामाङ – सदस्य
६. वडा नं. ३ वडा अध्यक्ष श्री कुमार बञ्जारा – सदस्य

निर्णय नं. १३ : मिति २०७८ साल असार १ गते मेलम्ची नदीमा आएको भिषण बाढीबाट मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची फट्टे दुवाचौर पक्की मोटरेवल पुल बगाएको हुँदा मेलम्ची नगरपालिका वडा नं. ७, ८ र हेलम्बु गाउँपालिकाका स्थानीय जनताहरुलाई सहज यातायात संचालनमा कठिनाई उत्पन्न भएको हुँदा उक्त मोटरेवल पुल निर्माण गर्नको लागि प्रदेश सरकार, संघीय सरकार र राष्ट्रिय योजना आयोगसंग समपुरक र अन्य शीर्षकमा बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका भित्र निर्माण भएका सामुदायिक भवन एवं अन्य भवनहरुको संचालन, प्रयोग र हालको अवस्था अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्नका लागि सम्बन्धित वडा अध्यक्षहरुलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १५ : मेलम्ची नगरपालिका वडा नं. २ स्थायी निवासी श्री सृजना चौलागाई (खतिवाडा) आगालागीबाट घाइते भई हाल सुष्मा मेमोरियल अस्पताल साँखुमा उपचाररत भैरहेको हुँदा निजको उपचारको लागि मेलम्ची नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. ५०,०००।– खर्च उपलब्ध गराइएकोमा सो खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. १६ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थायी निवासी श्री नविन पाण्डेको मिति २०८० भाद्र ३१ गते सडक दुर्घटनाको कारण निधन भएको र निजको परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले निजको परिवारलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७: मेलम्ची नगरपालिका क्षेत्र भित्र रहेको मेलम्ची, ईन्द्रावती लगायतका नदी क्षेत्रबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको प्रावधान र कानूनी व्यवस्था बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संकलन एवं बिक्री कार्यको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १८: मेलम्ची नगरपालिका वडा नं. ९ स्थित हाल निर्माण भएको स्वास्थ्य चौकी भवनको परिसर साँघुरो भई एम्बुलेन्स प्रवेश गर्न समस्या रहेको र सेवाग्राहीहरुलाई सेवा प्रवाहमा समेत समस्या देखिएकोले उक्त स्थानमा उपयुक्त जग्गा प्राप्त हुँदा भवन परिसर विस्तार भई संविधान प्रदत्त स्वास्थ्य सेवा सम्बन्धी मौलिक हकको कार्यान्वयनमा सहजीकरण हुने हुँदा सोही वडा स्थायी निवासी श्री रामचन्द्र गिरीले मेलम्ची नगरपालिका वडा नं. ९ (साविक ज्यामिरे गाविस वडा नं. ५) स्थित कि.नं. ९१३ को क्षे.फ. १–०–०–० जग्गा मध्ये क्षे.फ. ०–३–२–० जग्गा नि:शुल्क उपलब्ध गराउन मञ्जुर गरेकोले उक्त जग्गा प्राप्तीको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १९: हेलम्बु गाउँपालिका वडा नं. ७ स्थित महांकाल स्वास्थ्य सेवा संचालन समितिले विदेशी स्वायंसेवक दक्ष जनशक्ती मार्फत एक्युपञ्चर सेवा संचालन गर्नको लागि उपयुक्त स्थानको अभावको कारण मेलम्ची नगरपालिका वडा नं. ६ स्थित तालामाराङ बजारमा रहेको वडा कार्यालय भवन प्रयोग गरी सेवा संचालनको लागि अनुमति माग गरेको हुँदा मिति २०८१ असार मसान्तसम्मको लागि उक्त भवन प्रयोग गरी एक्युपञ्चर सेवा शिविर संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

२०८०।६।१८

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल